# धनगढी उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जनक सिंह उखेडा
शाखा अधिकृत

मिति :२०७५/०९/२३

## प्रांगारिक मलमा अनुदान सम्बन्धि सूचना (शत प्रतिसत १००%)

यस धनगढी उप महानगरपालिकाको आ.व.२०७५/७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार जैविक खेति प्रबर्द्धनका लागि धनगढी उप महानगरपालिकाका सम्पूर्ण १९ वडाका कृषक समूह, तथा उद्यमी कृषकहरुलाई जैविक खेति प्रवर्द्धन कार्यक्रम अन्तर्गत अनुदानमा प्रांगारिक मल वितरण गर्ने कार्यक्रम रहेकोले इच्छुक कृषक समूह, तथा उद्यमी कृषकहरुले यो सूचना जारी भएको ७ दिन (२०७५/०९/२९) भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्नहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

१.प्रांगारिक मल माग सम्वन्धि परिमाण खुलेको निवेदन (खेति गरिएको जमिनको क्षेत्रफल खुल्ने गरी) तथा समूहको निर्णय

२.सम्वन्धित वडाको सिफारिस पत्र

३.समूह दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि

४.जग्गाको क्षेत्रफल खुल्ने कागजातहरु (लालपूर्जा, ऐलानी जग्गाको हकमा वडा कार्यालय बाट क्षेत्रफल प्रमाणित गरेको पत्र)

५. उद्यमी कृषकहरुको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि

६. जग्गा भाडामा लिई खेति गर्नेको हकमा जग्गाधनीसंगको सम्झौता पत्र र जग्गाधनी को नागरिकता प्रमाणपत्रको प्रतिलिपि